**गाउँसभाको १५औं अधिवेशनको पहिलो बैठकको कार्यसूची नं. २ सँग सम्बन्धित**

"कृषि, स्वास्थ्य, शिक्षा, उद्योग र आर्थिक विकासमा उन्नति । दिगो विकाससहित गौरीगञ्जको समुन्नति ।"

# गौरीगञ्ज गाउँपालिका

## गाउँसभाको १५औं अधिवेशनबाट सर्वसम्मत रुपमा स्वीकृत

## आ.व. २०८१/०८२ को

# वार्षिक नीति तथा कार्यक्रम

गौरीगञ्ज गाउँपालिका गाउँसभाको १५औं अधिवेशनको यस गरिमामय भेलामा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यलाई सभाका अध्यक्षको हैसियतले हार्दिक स्वागत गर्दछु ।

लोकतन्त्रको स्थापनाको लागि आफ्नो जीवन बलिदान गर्ने ज्ञात-अज्ञात शहीदहरुप्रति उच्च सम्मान र भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइते र अङ्गभङ्ग हुनुभएका नागरिकहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

कोभिड-१९ को विश्वव्यापी महामारी पश्चात् भरखरै तङ्ग्रिन लागेको विश्व अर्थतन्त्रमा फेरि युक्रेन र रुसको युद्धबाट विश्व आपूर्ति शृङ्खलामा आएको संकुचनले नेपाललाई समेत प्रत्यक्ष असर पुऱ्याएको छ। यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनुपर्ने वित्तीय हस्तान्तरणमा ह्रास आएको छ ।

अल्प विकसित मुलुकबाट विकासशील मुलुकको श्रेणीमा स्तरोन्नति हुनैलाग्दा पनि ठूलो संख्यामा युवा तथा विद्यार्थीहरु आफ्नो देशबाट खाडी क्षेत्रलगायत अन्य तेस्रो मुलुकमा विदेशिनुपर्ने वाध्यताले हाम्रो देशलाई पिरोलिरहेको छ। आन्तरिक र बाह्य बसाइँसराइको कारण नेपालका गाउँघर उजाड बन्दै खेतीयोग्य जमीन दिनानुदिन बाँझो हुँदै गइरहेको छ ।

राष्ट्रियस्तरमा देखिएको विद्यमान परिवेशबाट हाम्रो गौरीगञ्ज गाउँपालिका पनि अछुतो छैन । स्थानीय श्रम र सीपको व्यापक परिचालन गरी आर्थिक विकासका कार्यक्रममार्फत् युवालाई स्थानीयस्तरमै रोजगारीको अवसर सिर्जना गरी विदेश पयालन हुनबाट रोक्न आवश्यक देखिन्छ ।

गाउँपालिका क्षेत्रमा बसोबास गर्ने स्थानीय नागरिकको आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिकलगायतका क्षेत्रमा बजेट विनियोजन गरी पूर्वाधारजन्य र मानवीय संसाधनको क्षेत्रमा हरेक वर्ष योजना तथा कार्यक्रमहरु सञ्चालन हुँदै आएको विदितै छ ।

प्राप्त अवसरको उपयोग गर्दै विकास र समृद्धिको माध्यमबाट नागरिकको जीवनस्तर उकास्न निरन्तर प्रयास भइरहेको परिप्रेक्ष्यमा हामीमाझ विभिन्न अवसर र चुनौतीसमेत सँगसँगै देखा परिरहेका छन् ।

र

## अवसर :

- संविधानत: अधिकारसम्पन्न स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकारसहित संघ र प्रदेशसँग विविध साझा अधिकार किटान हुनु ।
- आफ्ना अधिकारक्षेत्रका विषयमा ऐन, कानून निर्माण गरी लागू गर्नु ।
- नागरिकका अधिकार सुनिश्चित गर्न पालिकाको तर्फबाट नीति तथा कार्यक्रमबमोजिम बजेट परिचालन गर्ने अधिकार प्राप्त हुनु ।
- गाउँपालिका क्षेत्रभित्र सामाजिक तथा सांस्कृतिक विविधता हुनु ।

- गाउँपालिका क्षेत्रमा उत्पादित कृषिजन्य उत्पादनलाई बजारसम्म पुऱ्याउन सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।

## चुनौती :

- स्थानीयस्तरमै रोजगारीको अवसर सिर्जना गरी युवालाई विदेशिनबाट रोक्न ।
- शिक्षामा गुणस्तर कायम गर्न ।
- परम्परागत निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी युवा जनशक्तिलाई व्यवसायिक कृषितर्फ आकर्षित गर्न ।
- भौतिक पूर्वाधारलगायत अन्य विकासको समानुपातिक पहुँचमा वृद्धि गर्न ।
- गरीबी र सामाजिक असमानता हटाउन ।

हाम्रा सामु रहेका अवसरलाई उपयोग गर्दै देखिएका चुनौतीहरुको सामना गर्नु अहिलेको आवश्यकता हो । चुनौतीलाई अवसरमा बदल्दै समृद्ध गाउँपालिका निर्माण गर्नु हाम्रो परम् दायित्वसमेत हो । अहिलेको यही परिस्थितिमा हामी गौरीगञ्ज गाउँपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम निर्माण गरिरहेका छौं ।

प्रस्तुत नीति तथा कार्यक्रम नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, नेपाल सरकारको दिगो विकास लक्ष्य, २०३० सम्मको मार्गचीत्र, सोह्रौं पञ्चवर्षीय योजना, स्थानीय तहको योजना तर्जूमा दिग्दर्शन, २०७८, मध्यमकालीन खर्च संरचनाको प्रारुप, आवधिक योजनाको मर्म र भावनाअनुरुप तयार गरिएको छ ।

## गाउँपालिकाको दूरदृष्टि :

**"कृषि, स्वास्थ्य, शिक्षा, उद्योग र आर्थिक विकासमा उन्नति ।**
**दिगो विकाससहित् गौरीगञ्जको समुन्नति ।"**

सभाका सदस्यहरु,

अब म चालु आ.व. २०८०/०८१ को हालसम्मका प्रमुख उपलब्धीहरुको संक्षिप्त विवरण प्रस्तुत गर्दछु ।

विगतका स्थानीय निकायहरु स्थानीय तह (सरकार)मा रुपान्तरण भएपछि नागरिकका आकांक्षाहरु पनि दिनानुदिन बढिरहेका छन् । सीमित स्रोत र साधनले नागरिकका असीमित आकांक्षाहरु एकै पटक सम्बोधन हुन कठिनाइँ हुन्छ ।

गाउँपालिकाको दूरदृष्टिलाई मध्यनजर राखी हरेक वर्ष नीति तथा कार्यक्रममार्फत् गाउँपालिकाको विकास र समृद्धिमा मेरो नेतृत्वको टीम अहोरात्र खटिरहेको छ । निर्वाचित भएको दुई वर्ष बितिसकेको यस अवधिमा हाम्रा सामु देखिएका अवसरको उपयोग र चुनौतीहरुको सामना गर्दै हामीले सम्पादन गरेका कार्यहरुबाट महत्वपूर्ण उपलब्धीसमेत हासिल भएको छ ।

## हालसम्मको प्रमुख उपलब्धी :

- गाउँपालिकाभित्रका सामुदायिक शैक्षिक संस्थाका कक्षा- ११ र १२ मा अध्ययनरत विद्यार्थीलाई निःशुल्क शिक्षाको व्यवस्था ।
- शिक्षाप्रति छोरीको आकर्षण बढाउन सामुदायिक विद्यालयअन्तर्गत कक्षा- ९ मा अध्ययनरत छात्राहरुलाई हरेक वर्ष साइकल वितरण ।
- विपन्न तथा जेहेन्दार विद्यार्थीलाई प्राविधिक तथा उच्चशिक्षा अध्ययनमा प्रोत्साहन गर्न पूर्ण/आंशिक छात्रवृत्तिको व्यवस्था ।
- सामुदायिक विद्यालयमा इ-हाजिरीको शुरुवात तथा प्रयोग ।
- विद्यालयमा स्काउट शिक्षाको शुरुवात ।
- स्वस्थ जीवनको लागि विद्यालयस्तरमा योग शिक्षाको शुरुवात ।
- गौरीगञ्ज आधारभूत अस्पतालमा आवश्यक जनशक्ति, उपकरण तथा सेवा विस्तार गरी चौबीसै घण्टा सेवा सुचारु ।
- सम्बन्धित स्वास्थ्य संस्थासँगको समन्वयमा गौरीगञ्ज आधारभूत अस्पतालमा मानसिक रोग तथा आँखा उपचार सम्बन्धी विशेषज्ञ सेवाको सुरुवात ।
- विपन्न तथा दीर्घरोगी भएका घरपरिवारलाई स्वास्थ्य बिमा कार्यक्रममा अनुदान ।
- पूर्ण अपाङ्गता तथा सुत्केरीहरुलाई लक्षित गरी निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन ।
- गाउँपालिकाबासीका परिवारका सदस्यको दुखद् निधनमा पालिकाको तर्फबाट सहानुभूति प्रकट गर्दै सहयोगस्वरुप "दुखको साथी, भरोसा राखौं गाउँपालिकामाथि" कार्यक्रमको निरन्तरता ।
- बालमैत्री गाउँपालिका निर्माणको शुरुवात ।
- व्यवसायिक कृषितर्फ आकर्षित गराउन कृषकहरुलाई औजार-उपकरण र अनुदान कार्यक्रमलाई निरन्तरता ।
- कृषितर्फ 'गह्रा घटाऊँ, उत्पादन बढाऊँ' कार्यक्रमको शुरुवात ।
- कृषियोग्य भूमिमा सिचाइँ सुविधाको लागि कृषि विद्युतीकरणको शुरुवात ।
- शिविर सञ्चालनमार्फत सामुदायिक पशु बन्ध्याकरण ।
- हरियाली वातावरण निर्माण गर्न "एक घर एक शिरिसको बोट" रोप्ने अभियानको शुरुवात ।
- लघु उद्यम विकासतर्फ युवाहरुलाई आकर्षित गराउन सीप विकास तालीम ।
- गाउँपालिकाभित्रका सहकारी संस्थाहरुको अभिलेखीकरण र सहकारी विभागद्धारा लागू गरिएको एकीकृत विद्युतीय व्यवस्थापन सूचना प्रणाली (COPOMIS)मा सहकारी संस्थाहरुलाई आबद्धता ।
- संघ तथा प्रदेश सरकारसमेतको समन्वयमा भौतिक पूर्वाधारजन्य योजनाहरुको निर्माण कार्यमा निरन्तरता ।

- विपद् न्यूनीकरणको लागि विपद् पूर्व तयारी, विपद् व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनाको कार्यमा निरन्तरता ।
- सर्पदंशबाट पीडित बिरामीको लागि नेपाल रेडक्रस सोसाइटीसँगको समन्वयमा निःशुल्क सर्पदंश उपचारको व्यवस्था ।
- स्थानीय नागरिकलाई न्यायमा सहजता ल्याउन न्यायिक समितिमार्फत न्याय निरुपणमा सहयोग ।
- नेपाल सरकारबाट जारी भू-उपयोग नीतिबमोजिम गाउँपालिका क्षेत्रको जग्गा वर्गीकरणको कार्य सम्पन्न गरी लागू गरिएको ।
- हालसम्म ऐन- १०, नियमावली- ३, कार्यविधि- ३० र मार्गदर्शन, नियमावली- २ समेत जम्मा ४५ वटा गाउँपालिका कानून निर्माण गरी लागू गरिएको ।

सभाका सदस्यहरु,

अब म आ.व. २०८१/०८२ का प्रमुख नीतिहरु प्रस्तुत गर्दछु ।

दिगो विकास लक्ष्यको सूचकहरुलाई स्थानीयस्तरमा कार्यान्वयन गर्ने उद्धेश्यले आ.व. २०८१/०८२ को मुख्य नीति देहायबमोजिम रहेको छ :

## गौरीगञ्ज गाउँपालिकाको मुख्य नीति :

१. **"कृषिमा उन्नत प्रविधि, गौरीगञ्जबासीको समृद्धि"** आ.व. ०८१/०८२ को मुख्य नारा मानी कृषि क्षेत्रलाई पहिलो प्राथमिकता दिदैं कृषिमा यान्त्रीकरणको माध्यमबाट व्यवसायीकरणतर्फ उन्मुख गरिने छ ।

२. गाउँपालिकास्तरीय गौरवका योजनाहरुको माध्यमबाट सडक सञ्जाललगायत अन्य पूर्वाधारजन्य दिगो विकासमा जोड दिइने छ ।

३. गाउँपालिकाबासीको सर्वसुलभ स्वास्थ्य सेवाको पहुँचमा अभिवृद्धि गरिने छ ।

४. गुणात्मक शिक्षाको सुनिश्चित गर्न शैक्षिक विकासमा जोड दिइने छ ।

५. लोकतन्त्रका आधारभूत मूल्यमान्यतालाई थप मजबुत बनाउन लैङ्गिक समानताको सुनिश्चितता, सामाजिक समावेशीकरणमा अभिवृद्धि र अन्य लोकप्रिय कार्यक्रमलाई निरन्तरता दिइने छ ।

६. गाउँपालिकाबाट भए-गरेका कार्यहरुको बारेमा नागरिकलाई सूचना प्रत्याभूत गराउन विद्युतीय माध्यमको भरपूर प्रयोग गरी सुशासनलाई थप प्रभावकारी बनाइने छ ।

७. गाउँपालिकाको सर्वाङ्गीण विकासको लागि संघ तथा प्रदेश सरकारसँगको समन्वय, अन्तरपालिका सहकार्य र विभिन्न संघ-संस्था एवं विकास साझेदारहरुसँगको समन्वयमा अधिकतम् जोड दिइने छ ।

## गाउँपालिकाको क्षेत्रगत नीति :

### (क) आर्थिक विकास

**१. कृषि, पशु-पंक्षी तथा मत्स्य विकास :**

**दिगो विकास लक्ष्यको सूचक नं. १ र २** मा उल्लिखित प्रावधानलाई मध्यनजर गर्दै यस गौरीगञ्ज गाउँपालिकाको कृषि, पशु-पंक्षी तथा मत्स्य विकासमा निम्नबमोजिम नीति अवलम्बन गरिने छ :

१.१ कृषि सिंचाईलाई थप विस्तार गर्न आ.व. २०८०/०८१ देखि शुरुवात गरिएको कृषि विद्युतीकरण (विद्युत पोल खरीद) कार्यलाई आ.व. २०८१/०८२ मा समेत निरन्तरता दिइने छ ।

१.२ स्थानीय सम्भाव्यता अध्ययन गरी उपयुक्त कृषि प्रविधिहरुको विकास तथा कृषि यान्त्रिकीकरणको माध्यमबाट कृषिलाई व्यवसायिकतातर्फ उन्मुख गराई कृषि रोजगार तथा आय-आर्जन बढाउन जोड दिइने छ । साथै आ.व. ०८१/०८२ देखि कृषक अनुदान कार्यक्रम संचालन गर्दा किसान सूचीकरणको विवरणलाई आधार लिइने नीति अवलम्वन गरिने छ ।

१.३ भारतीय सीमा नाकाबाट भित्रिने कृषि तथा पशुपंक्षीजन्य वस्तुलाई निरुत्साहित गरी स्वदेशी उत्पादनलाई प्रोत्साहन गरिने छ ।

१.४ रासायनिक मल एवं विषादिको प्रयोगलाई निरुत्साहित गर्दै प्राङ्गारिक मलको प्रयोग गरी अर्ग्यानिक खेतीतर्फ कृषकलाई उन्मुख गराउन प्रोत्साहन गर्ने नीति लिइने छ। साथै रासायनिक पदार्थको प्रयोगबाट मानव जीवन र पशु-पंक्षीमा हुने क्षति न्यूनीकरण गर्न आवश्यक कार्य-योजना निर्माण गरी कार्यान्वयन गर्न पहल गरिने छ ।

१.५ माटोको अवस्था बुझी आवश्यक उपचारको लागि माटो परीक्षण शिविर सञ्चालन गरिने छ । साथै कृषकहरुको लागि साझेदारीमा कृषि चुन तथा अन्य आवश्यक सुक्ष्म खाध्यतत्व वितरण गरिने छ । साथै “एक वडा एक बाली” उत्पादनमा जोड दिने नीति लिइनेछ ।

१.६ कृषकहरुले उत्पादन गरेका कृषि उपजहरुलाई संकलन गर्नको लागि कोल्ड सेन्टर तथा वडास्तरमा कृषि संकलन केन्द्र र कृषि एम्बुलेन्सको व्यवस्थाको लागि संघ तथा प्रदेश सरकारसँग पहल गरिने छ ।

१.७ खेतीयोग्य जमीनको आली घटाई सामूहिक खेतीलाई प्रोत्साहन गर्न पहल गरिने छ ।

१.८ पशु-पंक्षीको व्यवसायिक फर्म विकासको लागि कृषकहरुलाई साझेदारीमा अनुदान उपलब्ध गराइने छ ।

१.९ पशु नश्ल सुधार कार्यक्रमलाई विशेषज्ञ सेवासहित निरन्तरता दिइने छ। नश्ल सुधारबाट सुत्केरी भएका पशुलाई औषधिसहितको पोषण प्याकेज उपलब्ध गराइने छ ।

१.१० पशुको प्राथमिक उपचार, परजीवी तथा महामारी रोग नियन्त्रण र खोप सेवालाई निरन्तरता दिइने छ ।

१.११ जुनोटिक रोग नियन्त्रण गर्न सामुदायिक पशु बन्ध्याकरण शिविर सञ्चालनलाई निरन्तरता दिइने छ ।

१.१२ कृषि तथा पशुजन्य उत्पादनको बिक्री वितरणको लागि बजार व्यवस्थापन गर्न आवश्यक पहल गरिने छ ।

१.१३ कृषि तथा पशु विकास कार्यक्रमको अनुगमनलाई प्रभावकारी बनाइने छ ।

१.१४ हरेक वडामा कृषि तथा पशु विकास सम्बन्धी कार्यक्रमलाई प्रभावकारी र सहज रुपमा सेवा प्रवाह गर्न मौजूदा जनशक्तिको समुचित व्यवस्थापनमा जोड दिइने छ ।

१.१५ स्थानीयस्तरमै फलफूल, तरकारीलगायतका विरुवा उत्पादन गर्न कृषि समूहलाई नर्सरी अनुदानमा प्रोत्साहन गरिने छ ।

१.१६ बहुगुणकारी तथा स्वास्थ्य उपयोगी स्थानीय तरकारीलाई प्रबर्द्धन गर्न **'एक घर, एक सजिवनको बोट'** अभियानलाई अघि बढाइने छ ।

१.१७ पशु-पंक्षी र माछाको स्थानीय जातलाई संरक्षण तथा प्रबर्द्धन गर्न आवश्यक नीति लिइने छ ।

## २. उद्योग तथा पर्यटन :

**दिगो विकास लक्ष्यको सूचक नं. ९** मा उल्लिखित प्रावधानलाई मध्यनजर गर्दै यस गौरीगञ्ज गाउँपालिकाको उद्योग तथा पर्यटन विकासमा निम्न बमोजिम नीति अवलम्बन गरिने छ :

२.१ गाउँपालिका क्षेत्रभित्र सञ्चालित उद्योग एवं व्यवसाय अध्यावधिक तथा अभिलेखीकरण गरी दर्ता हुन बाँकी रहेका उद्योग तथा व्यवसायलाई दर्ता प्रकृयामा ल्याइने छ । साथै नयाँ उद्योग, कलकारखाना खोल्न प्रोत्साहन गरिने छ ।

२.२ व्यवसायिक सीप विकास तालीमको माध्यमबाट उद्यमीहरुलाई व्यवसायीकरण तर्फ उन्मुख गर्न जोड दिइने छ ।

२.३ गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय स्थलहरुको आवश्यक पूर्वाधार निर्माण तथा थप व्यवस्थापनको लागि संघ तथा प्रदेश सरकारसँग पहल गरिने छ ।

२.४ गाउँपालिकामा रहेका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक सञ्जाल निर्माणमा प्राथमिकता दिइने छ ।

३. **सहकारी :**

**दिगो विकास लक्ष्यको सूचक नं. ८** मा उल्लिखित प्रावधानलाई मध्यनजर गर्दै यस गौरीगञ्ज गाउँपालिकाको सहकारी विकासमा निम्नबमोजिम नीति अवलम्बन गरिने छ :

३.१ सहकारी संस्थाको संस्थागत सुशासन, क्षमता विकास र वित्तीय उत्तरदायित्व अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

३.२ सहकारी संस्थाहरुको अनुगमनलाई थप प्रभावकारी बनाइने छ ।

३.३ विपन्न नागरिकहरुको जीवनस्तर उकास्न सहकारी संस्थासँगको साझेदारीमा विभिन्न आयमूलक एवं सीपमूलक क्रियाकलापहरु सञ्चालन गरिने छ ।

३.४ सहकारी तथा वित्तीय संस्थामा रहने सामुदायिक विकास कोषमार्फत सञ्चालन गरिने कार्यक्रमहरु गाउँपालिकासमेतको साझेदारीमा सञ्चालन गर्न पहल गरिने छ ।

४. **भूमि व्यवस्था :**

**दिगो विकास लक्ष्यको सूचक नं. २ र १२** मा उल्लिखित प्रावधानलाई मध्यनजर गर्दै यस गौरीगञ्ज गाउँपालिकाको भूमि व्यवस्थापनमा निम्न बमोजिम नीति अवलम्बन गरिने छ :

४.१ यस गौरीगञ्ज गाउँपालिकामा रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको समस्या समाधानको बाँकी कार्य अघि बढाउन राष्ट्रिय भूमि आयोगसँग समन्वय गरिने छ ।

४.२ भूमि वर्गीकरणमा देखिएका त्रुटीहरु सच्याउन र भूमि व्यवस्थापन सम्बन्धी अन्य कार्यहरु अघि बढाउन सम्बन्धित निकायमा पहल गरिने छ ।

४.३ गाउँपालिका क्षेत्रभित्रका सरकारी तथा सार्वजनिक जग्गाको अभिलेखीकरण, अतिक्रमण नियन्त्रण, संरक्षण एवं सम्बर्द्धनमा जोड दिइने छ ।

## (ख) सामाजिक विकास

१. **शिक्षा :**

**दिगो विकास लक्ष्यको सूचक नं. ४** मा उल्लिखित प्रावधानलाई मध्यनजर गर्दै यस गौरीगञ्ज गाउँपालिकाको शिक्षा विकासमा निम्न नीति अवलम्बन गरिने छ :-

१.१ गाउँपालिकाको स्थानीय पाठ्यक्रम तयार भइसकेको र सो अनुसारको पाठ्यपुस्तक लेखन तथा छपाइ कार्य अन्तिम चरणमा रहेको हुँदा आ.व. २०८१/०८२ देखि उक्त पाठ्यक्रमअनुसारको पाठ्यसामाग्रीको व्यवस्था गरी पठनपाठन सञ्चालन गरिने छ ।

१.२ विद्यार्थीहरुलाई खेलकुद, अतिरिक्त क्रियाकलापलगायत विद्यालयमा आयोजना हुने अन्य सिर्जनात्मक क्रियाकलापमा सहभागिता बढाउन विद्यालय तथा पालिकास्तरीय अतिरिक्त क्रियाकलापलाई निरन्तरता दिइनेछ । साथै अभिभावकसमेतको उपस्थितिमा विद्यालयको वार्षिक उत्सब मनाउन विद्यालयलाई प्रोत्साहन गर्ने नीति लिइने छ ।

१.३ सबै सामुदायिक विद्यालयमा ब्याकअपसहितको इ-हाजिरीको प्रयोगलाई अनिवार्य गरिने छ । साथै गाउँपालिकाअन्तर्गतका आधारभूत विद्यालयहरुमध्ये नमूनाको रुपमा एउटा विद्यालयमा विद्यार्थीको इ-हाजिरी लागू गरिने छ ।

१.४ शैक्षिक विकास र गुणस्तर अभिवृद्धिको लागि विद्यालय अनुगमनलाई थप प्रभावकारी बनाइने छ ।

१.५ बालबालिकालाई सामुदायिक विद्यालयमा आकर्षण बढाउन आ.व. २०८१/०८२ मा वाल विकास कक्षालाई न्युनतम पूर्वाधारयुक्त कक्षा कोठाको रुपमा विकास गर्ने नीति लिइनेछ ।

१.६ सामुदायिक विद्यालयप्रति आमअभिभावकको भरोसा जगाउन यस गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गरी आवश्यक पूर्वाधार तयार गर्दै भविष्यमा गौरीगञ्ज गाउँपालिका अन्तर्गत कार्यरत सम्पूर्ण शिक्षक, कर्मचारी एवं सार्वजनिक पद धारण गरेका व्यक्तिका सन्ततिलाई माध्यमिक तहसम्म सामुदायिक विद्यालयमा पठनपाठन गराउने व्यवस्था गर्न प्रोत्साहन गरिने छ ।

१.७ ५ वर्ष उमेर पुगेका बालबालिकालाई विद्यालयमा अनिवार्य भर्ना गर्ने अभियानलाई थप प्रभावकारी बनाउन जोड दिइने छ ।

१.८ विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री, अपाङ्गतामैत्री र महिलामैत्री संरचना निर्माणमा जोड दिइने छ ।

१.९ पालिकाभित्रका सामुदायिक शैक्षिक संस्थामा कक्षा- ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुलाई निशुल्क शिक्षाको व्यवस्थालाई निरन्तरता दिइने छ । साथै बाबु-आमा वा अभिभावकको सहाराबाट बञ्चित बालबालिका एवं वैदेशिक रोजगारीमा ज्यान गुमाएका अभिभावकका सन्तानहरुलाई दोहोरो सुविधा नहुनेगरी माध्यमिक तहसम्म अध्ययन गर्न तोकिएबमोजिमको सहयोग गर्ने नीति लिइने छ ।

१.१० गौरीगञ्ज गाउँपालिका स्थायी ठेगाना भएका विपन्न तथा जेहेन्दार विद्यार्थीहरुका लागि प्राविधिक विषय तथा उच्चशिक्षा अध्ययन छात्रवृत्तिलाई निरन्तरता दिइने छ ।

१.११ सामुदायिक विद्यालयअन्तर्गत कक्षा- ९ मा अध्ययनरत छात्राको लागि साइकल वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१.१२ सामुदायिक विद्यालयको भौत्तिक पूर्वाधार विकास तथा मर्मत संभारलाई प्राथमिकताको आधारमा निरन्तर सुधार गर्दै लाने नीति लिइनेछ ।

१.१३ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा अभिभावकको सकृयता, संलग्नता र अपनत्वको भावना बढाउन र विद्यार्थीलाई नियमित विद्यालय पठाई अध्ययनमा सहयोग पुऱ्याउन अभिभावक शिक्षा (आमा सचेतना शिक्षा) समेत सञ्चालन गरिने छ ।

१.१४ विद्यालय शिक्षक तथा कर्मचारीहरुको समयानुकूल दक्षता अभिवृद्धि गरिने छ ।

१.१५ सामुदायिक विद्यालयमा स्काउट शिक्षालाई निरन्तरता दिइने छ ।

१.१६ सामुदायिक विद्यालयमा योग तथा संगीत शिक्षामा पहल गरिने छ ।

१.१७ हरेक विद्यालयमा स्वच्छ, सफा, सुन्दर र हरित वातावरण निर्माणको लागि विद्यालय परिसरमा सौन्दर्यीकरण गर्ने नीति लिइने छ ।

## २. स्वास्थ्य :

**दिगो विकास लक्ष्यको सूचक नं. ३** मा उल्लिखित प्रावधानलाई मध्यनजर गर्दै यस गौरीगञ्ज गाउँपालिकाको स्वास्थ्य सेवा प्रबर्द्धनमा निम्न बमोजिम नीति अवलम्बन गरिने छ :

२.१ गौरीगञ्ज आधारभूत अस्पताललाई थप प्रविधि, उपकरण र विशेषज्ञ सेवा सहित २४ घण्टे सेवालाई थप प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

२.२ सर्पदंशबाट पीडित बिरामीलाई गौरीगञ्ज आधारभूत अस्पतालबाट नै निशुल्क उपचार हुने व्यवस्था मिलाउन पहल गरिने छ ।

२.३ सम्पूर्ण स्वास्थ्य संस्थामा न्यूनतम् सेवा मापदण्ड (MSS) लाई नियमित गरिने छ ।

२.४ गर्भवती तथा सुत्केरी महिला, बालबालिका र जेष्ठ नागरिकहरुको स्वास्थ्य प्रबर्द्धनलाई विशेष जोड दिइने छ ।

२.५ नसर्ने तथा दीर्घ रोगहरुको उपचार तथा व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२.६ महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै दीर्घ सेवापश्चात अवकास हुने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई ससम्मान बिदाइ गर्ने परम्परालाई निरन्तरता दिइने छ ।

२.७ अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा औषधि तथा आवश्यक सामाग्रीहरुको नियमित आपूर्तिलाई निरन्तरता दिइने छ ।

२.८ अति विपन्न तथा दीर्घ रोगी भएका घरपरिवारलाई लक्षित गरी सञ्चालन गरिंदै आएको स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२.९ स्थानीयस्तरमा नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्ने उद्धेश्यले विभिन्न स्वास्थ्य संस्थाको सहकार्यमा विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालनलाई निरन्तरता दिइने छ ।

२.१० खोप केन्द्र तथा गाउँघर क्लिनिकबाट प्रदान गरिंदै आएको सेवाको गुणस्तरलाई थप प्रभावकारी र व्यवस्थित गर्दै लगिने छ ।

२.११ पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य उपचार गर्न तथा गर्भवती महिलालाई सुत्केरी गराउन पालिकाको आधारभूत अस्पतालसम्म एम्बुलेन्स सेवा निःशुल्क गरिने छ । सुत्केरी महिलाको हकमा पालिकाको आधारभूत अस्पतालबाट रेफर गरिएको अवस्थामा झापा जिल्लाको

दमकबजारमा रहेका अस्पतालसम्म पुऱ्याउन निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइने छ ।

२.१२ गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गाउँपालिकाको रुपमा निरन्तर कायम राखिने छ ।

२.१३ छोरीलाई समेत आर्थिक रुपमा सक्षम बनाउन छोरी जन्मेपछि बच्चाको नाममा नजिकको बैंक वा बित्तीय संस्थामा बाल बचत खाता खोली गाउँपालिकाको तर्फबाट तोकिएमोजिमको रकम अनुदानको रुपमा जम्मा गरिने छ ।

## ३. खानेपानी तथा सरसफाई :

**दिगो विकास लक्ष्यको सूचक नं. ६** मा उल्लिखित प्रावधानलाई मध्यनजर गर्दै यस गौरीगञ्ज गाउँपालिकाको खानेपानी तथा सरसफाई विकासमा निम्नबमोजिम नीति अवलम्बन गरिने छ :

३.१ स्वच्छ खानेपानी सुविधाको लागि आवश्यक स्थानमा खानेपानी ट्यांकीलगायतका संरचनाहरु निर्माण गर्न पहल गरिने छ। निर्माण सम्पन्न भई चालु हुन बाँकी रहेका खानेपानी संरचनाहरुको विस्तार तथा चालु अवस्थामा रहेका संरचनाहरुको आवश्यकतानुसार मर्मत-सम्भारमा जोड दिइने छ ।

३.२ विभिन्न संघसंस्थासँगको समन्वयमा गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त गाउँपालिका निर्माणको कार्यलाई निरन्तरता दिन पहल गरिने छ ।

## ४. संस्कृति प्रबर्द्धन :

**दिगो विकास लक्ष्यको सूचक नं. १६** मा उल्लिखित प्रावधानलाई मध्यनजर गर्दै यस गौरीगञ्ज गाउँपालिकाको संस्कृति प्रबर्द्धनमा निम्न बमोजिम नीति अवलम्बन गरिने छ :

४.१ गाउँपालिकाभित्रका विभिन्न जाति, भाषा, धर्म, संस्कृति, साहित्य, संगीत, परम्परागत कला आदिको संरक्षण र सम्बर्द्धन गर्दै आवश्यक प्रबर्द्धनमा जोड दिइने छ ।

४.२ "दुखको साथी, भरोसा राखौं गाउँपालिकामाथि" भन्ने उद्घोषको साथ गतविगत आर्थिक वर्षहरुदेखि सञ्चालनमा रहेको कार्यक्रमलाई आ.व. २०८१/०८२ मा समेत निरन्तरता दिइने छ ।

## ५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :

**दिगो विकास लक्ष्यको सूचक नं. ५** मा उल्लिखित प्रावधानलाई मध्यनजर गर्दै यस गौरीगञ्ज गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धिमा निम्नबमोजिम नीति अवलम्बन गरिने छ :

५.१ महिलाको हकलाई सुनिश्चित गर्न संरचना गठन, नेतृत्व विकास र आयमूलक तथा सीपमूलक कार्यक्रममार्फत् क्षमता विकास गरिने छ ।

५.२ आदिवासी जनजाति, दलित, मधेसी, मुश्लिम र पिछडावर्गहरुको अधिकार सुनिश्चितताको लागि क्षमता अभिवृद्धिलाई निरन्तरता दिइने छ ।

५.३ 'समृद्ध गौरीगञ्जको आधार, तयार गरौं भविष्यका कर्णाधार' भन्ने नारालाई साकार पार्न बालमैत्री गाउँपालिका निर्माणको कार्यलाई निरन्तरता दिइने छ ।

५.४ अपाङ्गता रोकथाम तथा पुनर्स्थापनाको लागि सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग आवश्यक समन्वय गरिने छ ।

५.५ जेष्ठ नागरिकको अनुभव आदान-प्रदान तथा योगदानको कदर गर्दै निजहरुको सामाजिक सेवा-सुरक्षालाई निरन्तरता दिइने छ ।

५.६ गाउँपालिका क्षेत्रमा बसोबास गर्ने तेश्रो लिङ्गी नागरिकको जीवनयापनलाई सहज बनाउन आवश्यक व्यवस्था मिलाइने छ ।

५.७ गाउँपालिकाबाट विनियोजन हुने बजेट तथा कार्यक्रमको लैङ्गिक उत्तरदायित्व बजेट (GRB) निर्माण गर्न पहल गरिने छ ।

## ६. युवा, खेलकुद तथा मनोरञ्जन :

**दिगो विकास लक्ष्यको सूचक नं. ३** मा उल्लिखित प्रावधानलाई मध्यनजर गर्दै यस गौरीगञ्ज गाउँपालिकाको युवा, खेलकुद तथा मनोरञ्जनको लागि निम्न बमोजिम नीति अवलम्बन गरिने छ :

६.१ लागुऔषध दुर्व्यसनमा परेका युवालाई निरोधात्मक, प्रबर्द्धनात्मक र उपचारात्मक कार्यक्रममार्फत दुर्व्यसनमुक्त समाज निर्माण गर्न विभिन्न सरकारी तथा गैरसकारी संघ-संस्थाहरुसँग आवश्यक समन्वय गरिने छ ।

६.२ उद्यमशीलता बढाई स्वदेशमै रोजगारी सिर्जना गर्न युवाहरुको लागि सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रसँगको साझेदारीमा आयमूलक एवं सीपमूलक कार्यक्रममार्फत 'युवालाई विदेश हैन, बिजनेस' भन्ने भावना जागृत गराउन पहल गरिने छ ।

६.३ खेलकूद विकास समितिको संगठनात्मक संरचनाको निर्माण गरी पालिका एवं विद्यालयस्तरीय खेलकूद कार्यक्रम सञ्चालन गरिने छ ।

६.४ गाउँपालिकाबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भएका खेलाडीहरुको अभिलेख राखी प्रोत्साहनको व्यवस्था गरिने छ ।

६.५ खेलकूदको लागि आवश्यक खेल मैदानको संरचना निर्माण गर्न संघ तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिने छ ।

६.६ 'योग, ध्यान र साधना, स्वस्थ समाज हाम्रो परिकल्पना'लाई साकार पार्न योग, ध्यान, व्यायामजस्ता कार्यक्रमलाई जोड दिइने छ ।

**(ग) पूर्वाधार विकास :**

**दिगो विकास लक्ष्यको सूचक नं. ७, ९ र ११** मा उल्लिखित प्रावधानलाई मध्यनजर गर्दै यस गौरीगञ्ज गाउँपालिकाको भौतिक पूर्वाधार विकासमा निम्नबमोजिम नीति अवलम्बन गरिने छ :

१. आ.व. २०८१/०८२ देखि हरेक सडक, पूल निर्माण तथा घरनक्सा पास गर्दा स्थानीय यातायात तथा सडक गुरु योजना (M.T.M.P.) को मापदण्डबमोजिम गरिने छ ।

२. नयाँ भवन निर्माण गर्दा स्थानीय यातायात तथा सडक गुरुयोजना (M.T.M.P.) मा उल्लेख भएबमोजिम घरनक्सा पास गर्न अनिवार्य गरिने छ । साथै यसअघि निर्माण सम्पन्न भइसकेका घर तथा भवनलाई निश्चित अवधि तोकी जरीवाना छुटसहित गाउँपालिकामा अभिलेखीकरण गर्न सूचना गर्ने र सो पश्चात प्रचलित नियम कानूनबमोजिम हुने नीति लिइने छ ।

३. हरेक वडामा गौरवका योजनाअन्तर्गत कालोपत्रे सडक तथा अन्य आवश्यक पूर्वाधार निर्माण गर्दै स-साना टुक्रे योजनालाई निरुत्साहित गर्ने नीति लिइने छ । साथै पूर्वाधारजन्य ठूला आयोजना निर्माण गर्न संघ तथा प्रदेश सरकारसँगको समन्वयलाई निरन्तरता दिइने छ ।

४. उपभोक्ता समितिमार्फत निर्माण कार्य गराउँदा आवश्यक अभिमुखीकरणसहित स्थायी दर्तावाला उपभोक्ता समितिहरुमार्फत निर्माण कार्य गराउन प्रोत्साहन गरिने छ ।

५. उपभोक्ता समितिबाट सञ्चालन गरिने पूर्वाधार विकास योजनाको निर्माणमा उपभोक्ता समितिसँग न्यूनतम् दश प्रतिशत नगद सहभागिता वा सो रकम बराबरको जनश्रमदान अनिवार्य गरिने व्यवस्थालाई निरन्तरता दिइने छ ।

६. टोल विकास समितिहरुको गठन तथा क्षमता अभिवृद्धि गरी सडक बत्तीहरुको बील भुक्तानी र सुरक्षा तथा टोलस्तरमा हुने अन्य निर्माण कार्यहरु साझेदारीमा सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ ।

७. पालिकाको प्रशासकीय भवन निर्माणको लागि उपयुक्त स्थानमा जग्गा प्राप्ति र भवन निर्माणको कार्य अघि बढाउन पहल गरिने छ ।

८. विपन्न नागरिकको लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरी सुरक्षित आवास निर्माण गर्न पहल गरिने छ ।

९. शहरी क्षेत्रको फोहोर व्यवस्थापनको लागि आ.व. २०८१/०८२ मा छिमेकी पालिकाहरुसँगसमेत समन्वय गरी उपयुक्त स्थानमा जग्गा व्यवस्थापन तथा संघ एवं प्रदेश सरकारसँग आवश्यक बजेट माग गरी ल्याण्डफिल्ड साइट निर्माणको प्रकृया अघि बढाउन पहल गरिने छ ।

१०. गाउँपालिकाअन्तर्गतका शहरी क्षेत्रमा अवस्थित टहरा, बधशाला, घुम्ती पसल लगायतका संरचनालाई व्यवस्थित गर्दै आवश्यक ढल, पानी निकास, ब्लकलगायत अन्य आवश्यक संरचनाको प्रबन्ध गरी शहरी सौन्दर्यलाई सुदृढ बनाउन पहल गरिने छ ।

११. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाई कार्यान्वयन गर्न गाउँपालिकाबाट समेत साझेदारी गर्ने नीति लिइने छ ।
१२. योजना अनुगमन कार्यलाई थप प्रभावकारी बनाइने छ ।

(घ) **वन, वातावरण तथा विपद् :**

**दिगो विकास लक्ष्यको सूचक नं. १३ र १५** मा उल्लिखित प्रावधानलाई मध्यनजर गर्दै यस गौरीगञ्ज गाउँपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थामा निम्नबमोजिम नीति अवलम्बन गरिने छ :

१. हरियाली एवं सुन्दर वातावरण प्रबर्द्धन गर्न **"एक घर एक सिरिसको बोट"** र हुलाकी सडकको डिभाइडरमा वृक्षारोपण गर्न सडक डिभिजन कार्यालय तथा वन कार्यालयसँग आवश्यक समन्वय गरिने छ । साथै वातावरण प्रदुषण हटाउने र अक्सिजन प्रचूर मात्रामा दिने वर, पिपल, शमी जस्ता विरुवा रोप्न प्रोत्साहन गर्ने नीति लिइने छ ।
२. जलवायू परिवर्तनको प्रतिकूल प्रभावलाई अनुकूलन एवं खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायू उत्थानशीलतामा वृद्धि र न्यून हरित ग्यास उत्सर्जनलाई विकास गर्न संघ तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिने छ ।
३. नवीकरणीय उर्जाको प्रयोग र प्रबर्द्धनमा जोड दिइने छ ।
४. गाउँपालिकाभित्रका नदि नियन्त्रण, पोखरी तथा सीमसारको संरक्षण, जैविक विविधता, वन र जलाधारको संरक्षण र विकास गर्न आवश्यक पहल गरिने छ ।
५. विपद् जोखिम न्यूनीकरणको लागि विपद् पूर्व तयारी, विपद् न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउँदै सोको लागि अन्य सरकारी, गैरसरकारी संघ-संस्था र नीजि क्षेत्रलाई समेत आबद्ध गराइने छ ।
६. ढुंगा, गिटी, बालुवा, माटो तथा अन्य प्राकृतिक स्रोतको अनधिकृत एवं अवैज्ञानिक उत्खननलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारसँगको समन्वयमा सोको समुचित प्रबन्ध गरिने छ ।
७. सडक दुर्घटना न्यूनीकरणको लागि ट्राफिक सचेतना कार्यक्रमलाई निरन्तरता दिइने छ । साथै सडकपेटीमा गाईवस्तु बाँध्ने तथा सडक अवरोध गर्नेगरी सामाग्रीहरु राख्ने कार्यलाई निरुत्साहित गरिने छ ।

(ङ) **संस्थागत विकास तथा सुशासन :**

**दिगो विकास लक्ष्यको सूचक नं. १६** मा उल्लिखित प्रावधानलाई मध्यनजर गर्दै यस गौरीगञ्ज गाउँपालिकाको संस्थागत विकास तथा सुशासन प्रबर्द्धनमा निम्न बमोजिम नीति अवलम्बन गरिने छ :

१. गाउँपालिकाबाट प्रवाह हुने सेवाको गुणस्तर, पारदर्शिता र जवाफदेहीतामा आधारित सेवालाई थप सुदृढ बनाउन गाउँपालिका कर्मचारी संगठन तथा व्यवस्थापन (O & M) बमोजिम कर्मचारी व्यवस्थापन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाइने छ ।

२. प्रविधिमैत्री सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन कर्मचारी तथा जनप्रतिनिधिको क्षमता अभिवृद्धि गरिने छ। कर्मचारीमा कार्य उत्प्रेरणा जगाई उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गरिने छ। साथै वडास्तरीय योजनाहरु समयमै सम्पन्न गर्ने वडालाई पछिल्लो आ.व.को बजेटमा तोकिएबमोजिम थप बजेट उपलब्ध गराउने नीति लिइने छ।

३. महालेखा परीक्षकबाट प्राप्त सुझावलाई कार्यान्वयन गर्दै औंल्याइएका बेरुजुको फछ्र्यौट तथा आर्थिक अनुशासनलाई कार्यान्वयन गरिने छ।

४. योजनाबद्ध विकासलाई थप प्रभावकारी बनाउन आवश्यक रणनीति, तथ्याङ्क, योजनाको विस्तृत लागत विवरण, स्थानीय वातावरण संरक्षण रणनीतिक योजना र अन्य आवश्यक कार्य-योजनाहरु निर्माण गरी कार्यान्वयन गरिने छ।

५. कार्यालयबाट हुने सेवाप्रवाह एवं सूचनालाई आमनागरिकसम्म पुऱ्याउन र नागरिकबाट प्राप्त सल्लाह, सुझाव, गुनासो आदिको उचित व्यवस्थापनको लागि सुशासनका आवश्यक Tools को प्रयोग गरी सुशासनलाई थप सुदृढ बनाइने छ।

६. आधारभूत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न बजार अनुगमनलाई निरन्तरता दिइने छ।

७. नागरिकलाई स्थानीय सरकारप्रति भरोसायोग्य बनाई स्थानीयस्तरमै न्याय निरुपणमा सहजता ल्याउन न्यायिक समितिको कार्य-क्षमता अभिवृद्धिमा जोड दिइने छ।

८. स्थानीयस्तरका संघ-संस्था (सञ्चार संस्थासमेत) को क्षमता अभिवृद्धि एवं प्रबर्द्धनमा जोड दिइने छ।

गौरीगञ्ज गाउँपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम तयार गर्न अमूल्य सल्लाह सुझाव दिई सहयोग गर्ने गाउँ कार्यपालिका, विषयगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, सभाका सदस्य, स्थानीय राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी एवं सभा सचिवालय टीमप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

प्रस्तुत गौरीगञ्ज गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रमलाई छलफलसहित पारित गरिदिनुहुन सम्पूर्ण गाउँसभा सदस्यलाई हार्दिक अनुरोध गर्दछु।

धन्यवाद।

**प्रस्तुतकर्ता :**

फुलबती राजबंशी

(अध्यक्ष)

गौरीगञ्ज गाउँपालिका, झापा

मिति : २०८१/०३/१० गते सोमवार